**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६६/९/१७ गते शुक्रवार देखि २०६६/९/२३ गते विहिवार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ९५ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४४४० कारोबारबाट १७ करोड ६३ लाख ८५ हजार रुपैयाँ बराबरका ३ लाख ५८ हजार ९ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा २.०९ प्रतिशतले वृद्धि भएको हो । गत साता ४६४३ शेयर कारोबारबाट १७ करोड २७ लाख ६७ हजार रुपैयाँ बराबरका ३ लाख ३७ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ८ करोड ६४ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ४८.९९ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ११.१५ अंकले ह्रास भई अन्तिम दिन ५३५.८१ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५२८.७३ | ४३८.८२ | ३६६.४९ | ५८९.८१ | ८०८.५३ | २६५.७५ | ५७७.५० | ५४४.७६ | ५९५.९४ | ५४६.९६ | १३५.२४ | ५२.०० |
| दोस्रो | ५१८.३७ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ८०६.४१ | २६५.७५ | ५७३.८० | ५४३.३० | ५९३.७० | ५४०.१२ | १३१.५० | ५१.३६ |
| तेस्रो | ५११.९९ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ८०३.३२ | २६५.७५ | ५७३.८० | ५४२.४३ | ५९२.७७ | ५३६.१८ | १३१.५० | ५०.९७ |
| चौथो | ५१४.०३ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ७८४.३२ | २६५.७५ | ५७३.४९ | ५४२.३० | ५९०.२७ | ५३६.६३ | १३१.७५ | ५०.९४ |
| पाचौं | ५१२.३८ | ४३८.८२ | ३६६.४९ | ५८८.६४ | ७८३.२६ | २६५.७५ | ५७३.८० | ५४३.३३ | ५८८.२७ | ५३५.८१ | १३१.३४ | ५०.९१ |
| परिवर्तन | -१६.३५ | ०.०० | ०.०० | -१.१७ | -२५.२७ | ०.०० | -३.७० | -१.४३ | -७.६७ | -११.१५ | -३.९० | -१.०९ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ३.९० अंकले ह्रास भई १३१.३४ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड ३० लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (३५ हजार कित्ता) को आधारमा सन्राइज बैंक र कारोबार संख्या (७१३ वटा) को आधारमा भिवोर विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २३.०० |
| २ | सन्राइज बैंक | १४.०५ |
| ३ | भिवोर विकास वैंक | १३.१९ |
| ४ | किष्ट बैंक | ९.८२ |
| ५ | नविल बैंक | ९.४२ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | जनरल फाइनान्स | हकप्रद | २४२४१८ कित्ता |